CDCAN

केन्द्रीय दुग्ध सहकारी संघ लि. नेपाल

२०४८

# केन्द्रीय दुग्ध सहकारी संघ लिमिटेड नेपाल (CDCAN) को

# पञ्चवर्षिय रणनीतिक योजना

**आर्थिक वर्ष २०८३/८४ देखि २०८७/८८ (सन् २०२६-२०३१)**




"दुधको खपत बढाऔं, अर्थतन्त्रलाई सबल बनाऔं"

**२०८३ असार**

**आर्थिक सहयोग:**

HEIFER PROJECT NEPAL | मिल्की वे कार्यक्रम

# केन्द्रीय दुग्ध सहकारी संघ लिमिटेड नेपाल (CDCAN) को

# पञ्चवर्षिय रणनीतिक योजना

## आर्थिक वर्ष २०८३/८४ देखि २०८७/८८ (सन् २०२६-२०३१)

मिति: २०८३ असार

काठमाण्डौं महानगरपालिका वडा नम्बर ३१, मिनभवन, काठमाडौं

सम्पर्क:

फोन नम्बर: ०१-४७९७२४२,

इमेल: cdcan.ktm@gmail.com

वेबसाइट: www.cdcan.coop.np

**आर्थिक सहयोग:**

हेफर प्रोजेक्ट नेपाल, मिल्की वे कार्यक्रम

# हार्दिक कृतज्ञता

केन्द्रीय दुग्ध सहकारी संघ लिमिटेड नेपाल (CDCAN), सहकारी ऐन, २०४८ लागु भएपछि देशभर स्थापित सबै दुग्ध उत्पादक सहकारी संस्थाहरूको केन्द्रीय स्तरको छाता संगठन हो । संघले देशका ६४ जिल्लाका १ हजार ७ सय भन्दा बढी दुग्ध उत्पादक सहकारी संघ/संस्थाहरू (३७ वटा जिल्ला दुग्ध उत्पादक सहकारी संघ) को प्रतिनिधित्व गर्दछ । एक घर एक सदस्यको आधारमा, केन्द्रीय दुग्ध सहकारी संघ लिमिटेड नेपाल (CDCAN) मा ६ लाख घर परिवार प्रत्येक्ष रूपमा आवद्ध छन् । वि.सं. २०४९ साल चैत्र २० गते (सहकारी दिवस) का दिन स्थापना भएको केन्द्रीय संघले स्थापना कालदेखि नै दुग्ध उत्पादक किसानहरुको हकहित तथा व्यवसाय प्रवर्द्धनमा पहल कदमी लिँदै आएको छ ।

संघले दुग्ध उत्पादक सहकारी संस्थाको नमुना विनियम तयार गरी देशका विभिन्न क्षेत्रमा सहकारी स्थापनाको लागि अभियान सञ्चालन गऱ्यो, जसको फलस्वरुप देशको ७७ वटा जिल्लामा समान रुपमा सञ्चालन गर्न सकिने थोरै व्यवसायहरु मध्ये दुग्ध व्यवसाय एक हो भनी स्थापित भएकोछ । हाल देशका ६४ जिल्लामा दुग्ध उत्पादक सहकारी संस्था सञ्चालनमा छन् भने केही सहकारीले डेरी उद्योग तथा व्यवसाय नै सञ्चालन गरिरहेकाछन् । पछिल्लो तथ्याङ्क अनुसार देशभर दैनिक करिब १२ लाख लिटर दूध सहकारी मार्फत औपचारिक बजारमा आउने गरेको छ ।

केन्द्रीय संघले नीति बनाएरै दूधमा प्रतिलिटर अनुदान उपलब्ध गराउन नेपाल सरकारलाई बहस पैरवी तथा अगुवाई गरेको छ । त्यस्तै पशुधन (सुरक्षण) बीमा कार्यक्रम नेपाल ल्याउन र कार्यान्वयन सुरु गराउन पहल गरेको हो । हरेक वर्ष जुन १ तारिखका दिनमा राष्ट्रिय दूध दिवस मनाउन सुरुवात पनि गरेको हो । गुणस्तरीय दूधको उत्पादन असल अभ्यास कार्यक्रम देशैभर लागु गर्न अगुवाई गरिरहेको छ । कच्चा दूधको मुल्य बृद्धिका लागि नेपाल सरकारसँग बहस पैरवी गरी किसानलाई उचित मुल्य दिलाउन सकिएको अवस्था छ । सरकारी तथा गैरसरकारी विभिन्न साझेदार निकायसँगको सहकार्यमा संघीय, प्रदेश तथा स्थानीय स्तरसम्म दुग्ध किसानको हकहितका लागि काम गरिरहेपनि व्यवस्थित तरिकाले गर्न नसकिएको हो की भन्ने महशुस गरी केन्द्रीय संघको संस्थागत सुदृढिकरण तथा सदस्य संघ/संस्थाहरुको क्षमता विकासका साथै किसानलाई प्रत्येक्ष लाभ दिलाउने काममा संघलाई अझ सक्रिय बनाउने उद्देश्यका साथ आगामी ५ वर्षका लागि रणनीतिक योजना निर्माण गरेका छौं ।

मिति २०८२ चैत २४ र २५ गते ललितपुरको गोदावरीमा आयोजित २ दिन अवधीको रणनीतिक योजना तर्जुमा कार्यशालाको मद्दतबाट आर्थिक वर्ष २०८३/८४ देखि आर्थिक वर्ष २०८८/८९ सम्मको पञ्चवर्षिय रणनीतिक योजना निर्माण भएको छ । कार्यशालामा सहभागी भई महत्वपूर्ण सुझाव, विचारहरु प्रदान गर्नु हुने सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष तथा प्रतिनिधिहरु, कर्मचारीहरु प्रति आभारी छौं । त्यस्तै रणनीतिक योजना निर्माणका लागि आर्थिक सहयोग गर्ने हेफर प्रोजेक्ट नेपाल (एचपिएन), मिल्की वे कार्यक्रम, कर्मचारीहरु, प्राविधिक सहयोग गर्ने सर्वोदय नेपाल स्टडी एण्ड रिसर्च प्रा.लि.प्रति पनि आभार व्यक्त गर्दछौं ।

अम्मर बहादुर कुँवर
अध्यक्ष

# संक्षेपहरुको सूची (List of Abbreviations)

| | |
|---|---|
| CDCAN | Central Dairy Cooperative Association Nepal |
| केन्द्रीय संघ | केन्द्रीय दुग्ध सहकारी संघ नेपाल |
| MPC | दुग्ध उत्पादक सहकारी |
| DMPCU | जिल्ला दुग्ध उत्पादक सहकारी संघ |
| GDP | कुल गार्हस्थ उत्पादन |
| AGDP | कृषि कुल गार्हस्थ उत्पादन |
| MoALD | कृषि तथा पशुपन्छी विकास मन्त्रालय |
| CBS | केन्द्रीय तथ्याङ्क विभाग |
| WHO | विश्व स्वास्थ्य संगठन |
| NDDB | राष्ट्रिय दुग्ध विकास बोर्ड |
| APP | कृषि परिप्रेक्ष्य योजना |
| SANSAR | सर्वोदय नेपाल स्टडी एण्ड रिसर्च |
| ADS | कृषि विकास रणनीति |
| DDC | दुग्ध विकास संस्थान |
| GMP | असल उत्पादन अभ्यास |
| NDA | Nepal Dairy Association |
| DIA | Dairy Industries Association |
| NDDB | National Dairy Development Board |
| DLS | Department of Livestock Services |

# विषय सूची (Table of Contents)


**हार्दिक कृतज्ञता** क

**संक्षेपहरूको सूची (List of Abbreviations)** ख

**परिच्छेद १: नेपालको दुग्ध क्षेत्रको योगदान र समिक्षा** १

१.१ दूध उत्पादनको अवस्था र देशको आर्थिक विकासमा यसको योगदानः १

१.२ केन्द्रीय दुग्ध सहकारी संघ नेपाल (Central Dairy Cooperative Association Nepal, CDCAN): २

१.४ केन्द्रीय संघबाट सञ्चालित परियोजना तथा कृयाकलापहरुः ३

**परिच्छेद २: रणनीतिक योजनाका कानूनी आधारहरु** ५

२.१ सहकारी ऐन र सहकारी संस्था गठनः ५

२.२ सहकारी ऐन, २०७४ मा संघ गठनको व्यवस्थाः ५

२.३ कृषि विकास रणनीति सन् २०१५ देखि २०३५ः ५

२.४ राष्ट्रिय दुग्ध विकास नीति २०७८ः ६

**परिच्छेद ३ : केन्द्रीय दुग्ध सहकारी संघको रणनीतिक योजनाको औचित्यः** ७

**परिच्छेद ४: रणनीतिक योजनाको लागि दुग्ध क्षेत्र एवं केन्द्रीय संघको समिक्षा तथा विश्लेषण** ८

४.१ नेपालको दुग्ध क्षेत्रको विश्लेषण ८

४.२ केन्द्रीय दुग्ध सहकारी संघको विश्लेषण १०

**परिच्छेद ५ : रणनीतिक योजनाको मुल्य मान्यता, परिकल्पना, ध्येय, लक्ष्य र उद्देश्य :** १३

**परिच्छेद ६: केन्द्रीय दुग्ध सहकारी संघको संरचनागत सुधार** २५

६.१ संरचनात्मक सुधार (Structural Reforms) २५

६.२ नीतिगत सुधार (Policy Reforms) २६

६.३ कानुनी सुधार (Legal Reforms) २७

६.४ कर तथा प्रोत्साहन नीति (Taxation and Subsidy Policy) २८

६.५ क्रस-कटिङ सुधार (Cross-cutting) २८

६.६ अनुगमन तथा मुल्याङ्कन प्रक्रिया २८

६.७ प्रमुख रणनीतिक स्तम्भहरूः २९

६.८ रणनीतिक योजनाका प्राथमिकता तथा कार्यान्वयन वर्ष २९

**परिच्छेद ७: कार्ययोजना तथा व्यवसायिक योजना** ३०

# परिच्छेद १: नेपालको दुग्ध क्षेत्रको योगदान र समिक्षा

## १.१ दूध उत्पादनको अवस्था र देशको आर्थिक विकासमा यसको योगदानः

आर्थिक वर्ष २०८०। ०८१ (सन् २०२३/२४) को तथ्याङ्क अनुसार नेपालमा वार्षिक दूध उत्पादन २६,८३,८७४ मेट्रिकटन रहेको छ (पशु सेवा विभाग, २०८०/८१) । दैनिक औसत उत्पादन करिब ७४ लाख लिटर (७३,५३,०७० लिटर) रहेको छ भने वार्षिक प्रतिव्यक्ति उपभोग ९२ लिटर पुगेको छ र देशमा अनुपस्थित जनसंख्याको आधार मान्ने हो भने यो १०४ लिटर प्रति व्यक्ति वार्षिक पुगेको देखिन्छ ।

**तालिका न. १ देशको कूल कृषि ग्राहस्थ्य उत्पादनमा पशुपन्छी क्षेत्र एवं दुग्ध क्षेत्रको योगदानः**

| क्र.सं. | कृषि तथा पशुपन्छी क्षेत्र | कूल कृषि गार्हस्थ उत्पादनको प्रतिशत |
|---|---|---|
| १ | कृषि क्षेत्र | ६५.९६०० |
| २ | पशुपन्छी क्षेत्र | २४.०१३१ |
| (क) | कूल दूध उत्पादन | ११.२३२५ |
| (ख) | भैंसीको दूध उत्पादन | ७.२८२४ |
| (ग) | गाईको दूध उत्पादन | ३.९५०१ |

(श्रोतः पशु सेवा विभाग, २०८०/८१)

त्यस्तै दूधको कूल उत्पादन मध्ये भैंसी र गाईको दूध उत्पादनको योगदान क्रमशः ५२.२५% र ४७.७५% (पशु सेवा विभाग, २०२३–२४) रहेको छ।

**तालिका नं. २ नेपालमा वार्षिक दूध उत्पादन**

| क्र.सं. | दूध उत्पादन | परिमाण (लिटर) | उत्पादनको योगदान |
|---|---|---|---|
| १ | दूधको कूल उत्पादन | २६,८३,८७४ | १००% |
| १.१ | गाईको दूध | १२,८१,७१८ | ४७.७५% |
| १.२ | भैंसीको दूध | १४,०२,१५६ | ५२.२५% |

(श्रोतः पशु सेवा विभाग, २०८०/८१)

नेपालका ५ लाखभन्दा बढी किसानहरु दुग्ध क्षेत्रमा संलग्न छन् । एक हजार सात सय (१,७००) भन्दा बढी दुग्ध उत्पादक सहकारी संस्थाहरु गठन भएका छन् र ती मध्ये ८ सय भन्दा बढी दुग्ध उत्पादक सहकारी केन्द्रीय संघमा आवद्ध भएका छन् । दूध उत्पादन र जनसंख्या तुलना गर्दा प्रतिव्यक्ति प्रतिवर्ष दूध उपभोगको अवस्था ९२ लिटर पुगेको देखिन्छ र विश्व स्वास्थ्य संगठनले सिफारिस गरिएको स्तर पनि करिब ९२ लिटर प्रति व्यक्ति प्रति वर्ष छ।

तालिका नं. ३ विश्व मानचित्रमा दूधको उत्पादनमा नेपालको योगदान (सन् २०२३/२४)

| क्र.सं. | देशको नाम | दूधको वार्षिक उत्पादन (दश लाख मे.टन) | विश्वको दूध उत्पादनको तुलनामा प्रतिशत | वार्षिक प्रति व्यक्ति उपभोग (केजी) |
|---|---|---|---|---|
| | विश्व | ९८२ | १००% | १०९.५ |
| १ | भारत | २४५ | २५% | ८१.८० |
| २ | अमेरिका | १०२ | १०.३% | २३०.३२ |
| ३ | चीन | ४०.८ | ४.१५% | ३२.३२ |
| ४ | पाकिस्तान | ६६.३ | ६.७५% | ११४.३१ |
| ५ | बंगलादेश | १०.७९ | १.०९ % | ७०.५१ |
| ६ | नेपाल | २.६८३ | ०.२७३% | ९२.० |
| ७ | श्रीलंका | ०.५३७ | ०.०५५% | ४६.७० |

(विश्व तथ्यांक, २०२२)

हाल हाम्रो देशको दुग्ध क्षेत्रले विश्वको कूल दूध उत्पादनको ०.२७३ प्रतिशत योगदान गरिरहेको छ। औपचारिक क्षेत्र वा संगठित क्षेत्रले देशमा उत्पादन हुने कुल वार्षिक दूधको २०% हिस्सा ओगटेको छ। वार्षिक रुपमा लगभग १.१ मिलियन टन दूध प्रशोधन गरिन्छ। अनौपचारिक/घरायसी उपभोगः ८३-८५ % रहेको छ र औपचारिक क्षेत्र बिस्तारको आवश्यकता छ। त्यस्तै माग र आपुर्तिको अवस्थालाई हेर्दा आन्तरिक उत्पादनले करिब ८०% माग पुर्ति गर्छ र औसत दैनिक अभावः करिब ५.५ लाख लिटर रहेको छ। दूध उत्पादनमा मौसमी उतार-चढाव रहेको पाईन्छ। यसको अलावा उत्पादनको दृष्टिकोणले चुनौती समेत छन्। दाना तथा पशु आहारा लागत उच्च हुनु, भुक्तानी वक्यौता रहनु, कमजोर चिस्यान (शीत) श्रृङ्खला (Cold Chain), पशुरोग र जलवायु परिवर्तनको असर र दूधको बजार र मुल्य अस्थिरता जस्ता समस्याहरु कृषकले भोगेका छन्।

नेपालमा विशेष गरी गाई र भैंसीबाट दूध उत्पादन भइरहेको छ। पशु सेवा विभागको सन् २०२३/२४ को तथ्याङ्क अनुसार दूधालु भैंसीको संख्या १२,५१,३२३ (५४%) र दूधालु गाईको संख्या १०,६३,१८९ (४६%) गरी कूल दूधालु पशुहरुको संख्या २३,१४,५१२ रहेका छन्। दूध उत्पादन (सामान्य साना किसानहरूको औसत, सूचक): गाईहरू २.५-५ लिटर/दिन; भैंसीहरू ३-६ लिटर/दिन तर सुधारिएको प्रणालीमा सुधारिएका नश्लहरुले (क्रसब्रेडहरू) ले बढी उत्पादन दिन्छन्। पछिल्लो समय वार्षिक उत्पादन बृद्धि प्रतिवर्ष ४ प्रतिशतको क्रममा रहेको र प्रतिव्यक्ति दूध उपलब्धता/खपत प्रति वर्ष ७५-९५ लिटर (शहरी/ग्रामीण भिन्नताहरू) रहेको छ। औपचारिक प्रणालीमा प्रशोधित दूध (पाश्चराइजेसन/प्रशोधन) कुल उत्पादनको २०% छ र बाँकी अनौपचारिक कच्चा-दूध खपत वा स्थानीय बिक्री हो। पाउडर उत्पादन एवं आयात (होल/स्किम्ड दूध पाउडर): २०,०००-५०,००० टन/वर्ष रहेको छ र यसको उपयोग खासगरी मौसमी अभावलाई कम गर्न र औद्योगिक प्रयोगको लागि गर्ने गरिन्छ।

## १.२ केन्द्रीय दुग्ध सहकारी संघ नेपाल (Central Dairy Cooperative Association Nepal, CDCAN):

केन्द्रीय दुग्ध सहकारी संघ लिमिटेड नेपाल दुग्ध सहकारीहरूको छाता संगठनको रूपमा वि.सं. २०४९ साल चैत्र २० गते (सहकारी दिवस) का दिन स्थापना भएको हो। संघले देशका ६४ जिल्लाका १ हजार ७ सय भन्दा बढी दुग्ध उत्पादक सहकारी संघ/संस्थाहरू (३७ वटा जिल्ला दुग्ध उत्पादक सहकारी संघ) को प्रतिनिधित्व गर्दछ। जसमा ६००,०००

सदस्य घरपरिवार छन् र यसमा ४३% महिला सदस्यहरु रहेका छन् । केन्द्रीय संघ औपचारिक रूपमा दुग्ध विकास संस्थान (Dairy Development Corporation, DDC) र राष्ट्रिय दुग्ध विकास बोर्ड (National Dairy Development Board, NDDB) मा प्रतिनिधित्व गर्दछ र प्रमुख सरकारी निकायहरूसँग सहकार्य गर्दछ । दुग्ध क्षेत्रको नीतिगत बहस तथा पैरवी गर्नुका साथै नीति निर्माण तथा कार्यान्वयनमा संघको भूमिका रहेकोछ र देशको साना दुग्ध किसानहरु (करीब ८० प्रतिशत) को प्रतिनिधत्व गर्दछ ।

संघले सदस्यहरूको लागि अनुगमन र क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने गर्दछ । सदस्यहरूको अनुरोध अनुसार लेखा तथा कोष व्यवस्थापन, नेतृत्व तथा क्षमता विकास, सहकारी सुशासन, मर्मत सम्भार, असल पशुपालन (उत्पादन) अभ्यासहरू आदि सम्बन्धी तालिमहरू प्रदान गर्दै आएको छ । यसबाहेक, यसले सरकारी निकाय तथा वित्तीय संघ संस्थाहरुबाट सहुलियतपूर्ण ऋण लिन सदस्यहरूलाई सहयोग गर्दै आएको छ । यसले सहकारी र साना किसानहरूलाई लक्षित गरी पशुधन बीमा, उत्पादन लागत कम गराउने, गुणस्तरीय दूध तथा दुग्धजन्य पदार्थको उत्पादन, पोषणयुक्त आहारा व्यवस्थापन, अवलोकन भ्रमण र दुग्ध उपकरण वितरण सम्बन्धी गतिविधि सञ्चालन गर्दै आएको छ ।

देशभरका साना तथा मझौला उत्पादकहरूसँग सञ्जाल भएकोले संघको उत्पादक तथा उपभोक्ताहरूको हितको लागि प्रणाली व्यवस्थापन र सञ्जाल पुनर्गठन गर्ने जिम्मेवारी छ । हालैका वर्षहरूमा दूध तथा दुग्धजन्य पदार्थको उत्पादन उल्लेख्य बढेको छ । दुग्धजन्य पदार्थको बजारीकरण र भुक्तानी वक्यौताको मुद्दा किसानहरूका लागि प्रमुख समस्या बनेको छ । खुल्ला बजारका कारण वर्षेनी दूधको आयात पनि भइरहेको छ । कसिानको उतपादन लागत कम गराउँदै दूधको उत्पादन बृद्धि गर्नुका साथै उत्पादित दूधको बजारीकरणमार्फत समयमै किसानको भुक्तानी गराउनमा संघले यथाशक्य पहल गरिरहेको छ ।

## १.३ केन्द्रीय संघको संरचनाः

केन्द्रीय संघमा २१ सदस्यीय (२ जना महिलासहित) सञ्चालक समिति, ३ सदस्यीय लेखा सुपरिवेक्षण समिति र ८ सदस्यीय सल्लाहकार समिति छ । संघको मुख्य कार्यालय काठमाण्डौं महानगरपालिका वडा नं. ३१, मिनभवन, काठमाडौंमा रहेको छ । हाल प्रबन्धकसहित ५ जना (२ पुरुष, ३ महिला) कर्मचारी कार्यरत छन् भने सरकारी तथा गैरसरकारी संघ संस्थासँगको साझेदारीमा विभिन्न परियोजना तथा कृयाकलापहरु पनि सञ्चालन भइरहेका छन् ।

| क्र.सं. | पद विवरण | संख्या | |
|---|---|---|---|
| | | पुरुष | महिला |
| १ | सल्लाहकार समिति | ८ | ० |
| २ | सञ्चालक समिति | १९ | २ |
| ३ | लेखा सुपरिवेक्षण समिति | ३ | ० |
| ४ | कार्यरत कर्मचारी | २ | ३ |
| | **जम्मा** | **३२** | **५** |

## १.४ केन्द्रीय संघबाट सञ्चालित परियोजना तथा कृयाकलापहरुः

(१) हेफर प्रोजेक्ट नेपालको आर्थिक सहयोगमा सञ्चालित मिल्की वे कार्यक्रम केन्द्रीय संघको अहिलेको सबैभन्दा ठूलो र धैरै जिल्लाका दुग्ध उत्पादक सहकारी संघ, सहकारी संस्था र किसानको क्षमता अभिवृद्धि गर्ने परियोजना हो । लगानीको अभाव, कमजोर आनुवंशिकी, सीमित सीप र प्रविधिको कमजोर अवलम्बनले गर्दा कम उत्पादकत्व

मुख्य समस्याको रुपमा रहेको छ। जानकार किसानहरुले पनि वित्तीय अवरोध र पूँजीमा सीमित पहुँचको सामना गर्नु परेको छ। कमजोर नीतिगत वातावरण, गुणस्तरमा आधारित मुल्य निर्धारणको अभाव, सहकारी र दुग्धजन्य व्यवसायको सीमित क्षमता र अनिश्चित प्रतिफलले लगानीलाई निरुत्साहित गर्छ, जसले गर्दा कम उत्पादकत्व र लागत उच्च बनाउँछ। यी चुनौतीहरु सामना गरिरेहका साना किसान, सहकारी संघ संस्थालाई सीप, प्रविधि र पूँजीमा पहुँच बढाउँदै समग्र दुग्ध क्षेत्रको रुपान्तरणका लागि मिल्की वे कार्यक्रम केन्द्रीय संघमार्फत चितवन जिल्लाबाट कार्यान्वयन सुरु भई थप जिल्लाहरु तथा सहकारी संस्थाहरु हुँदै किसानसम्म पुगिरहेको छ।

(२) संयुक्त राष्ट्रसंघको खाद्य तथा कृषि संगठन (एफएओ) सँगको साझेदारीमा काभ्रेपलाञ्चोक जिल्लामा असल पशुपालन अभ्यास प्रवर्द्धन, साइलेज उत्पादन, सहकारी संस्था तथा दुग्ध किसानको क्षमता विकास लगायतका विभिन्न कार्यहरु भइरहेका छन्।

(३) विगतमा साना किसान र कृषि व्यवसायका लागि व्यवसायिक कृषि (कासा), क्यानेडियन सहकारी संघ (सीसीए), राष्ट्रमण्डल तथा विकास कार्यालय (एफसीडिओ) र स्विडीश अन्तर्राष्ट्रिय विकास सहयोग नियोग (सीडा), क्यानेडियन अन्तर्राष्ट्रिय अध्ययन तथा सहयोग केन्द्र (सेसी), वीनरक इन्टरनेशनल लगायतका अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्था तथा सहकारी विभाग, राष्ट्रिय दुग्ध विकास बोर्ड, बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र, प्रदेश दुग्ध विकास बोर्ड, बागमती प्रदेश सहकारी विकास बोर्ड, लगायतसँगको सहकार्यमा सहकारीको क्षमता विकास, लेखा व्यवस्थापन, तालिम गोष्ठि लगायतका कृयालकपाहरु सञ्चालन गर्दै आएको छ।

**सारांशमा केन्द्रीय संघका प्रमुख गतिविधिहरूलाई निम्न पाँच बुँदामा अध्ययन गर्न सकिन्छ :**

१) दुग्ध सहकारीहरूको संस्थागत सुदृढीकरण

२) नीति, पैरवी र दुग्ध क्षेत्रको नेतृत्व

३) दुग्ध विकास परियोजनाहरूको कार्यान्वयन

४) क्षमता विकास र

५) किसान समर्थन मूल्य श्रृङ्खला र बजार प्रणाली सुधार।

# परिच्छेद २: रणनीतिक योजनाका कानूनी आधारहरू

## २.१ सहकारी ऐन र सहकारी संस्था गठनः

सहकारी ऐन, २०४८ (सन् १९९२) नेपालको सहकारी अभियानमा प्रमुख सफलता थियो । यसले ग्रामीण क्षेत्रका गरिबमध्ये गरिब जनताको आर्थिक अवस्था सुधारका लागि कार्यक्रमहरू कार्यान्वयन गर्न धेरै प्रावधानहरू सिर्जना गर्‍यो । सहकारी सिद्धान्त अनुरूप आफ्ना सदस्यहरूको आर्थिक तथा सामाजिक विकासको लागि सेवा तथा सुविधा पुर्‍याउने उद्देश्यले संघ संस्था गठनको बाटो खुलाएको थियो । सहकारी ऐन, २०४८ ले सर्वप्रथम सहकारी सिद्धान्तहरूलाई स्वीकार गरेको थियो । सहकारी संस्था, संघको स्थापना र सहकारी मूल्य, मान्यता र सिद्धान्तहरूलाई व्यवहारमा लागू गर्न कानुनी आधार प्रदान गरेको थियो । पछिल्लो समय सहकारी ऐन, २०७४ द्वारा अघिल्लो ऐन प्रतिस्थापन भएको छ । नयाँ सहकारी ऐन, २०७४ ले दूध उत्पादक सहकारी र अन्य सहकारी संघ संस्थाहरूको नियमन तथा व्यवस्थापन गर्दछ ।

## २.२ सहकारी ऐन, २०७४ मा संघ गठनको व्यवस्थाः

सहकारी सिद्धान्त अनुरूप सदस्यहरूको आर्थिक तथा सामाजिक विकासको लागि सेवा र सुविधा प्रदान गर्ने उद्देश्यले सहकारीको रूपमा संघ वा समाज गठन र समावेश गर्न सकिन्छ । सहकारी ऐन, २०७४ परिच्छेद १ को दफा २ खण्ड (ब) 'संघ' भन्नाले दफा (१५) बमोजिम दर्ता भएको जिल्ला विषयगत सहकारी संघ, जिल्ला सहकारी संघ, प्रदेश विषयगत सहकारी संघ, प्रदेश सहकारी संघ, केन्द्रिय विषयगत सहकारी संघ र विशिष्टीकृत सहकारी संघ सम्झनु पर्छ र सोही शब्दले सोही दफा बमोजिम दर्ता भएको राष्ट्रिय सहकारी महासंघ समेत जनाउँछ भनि उल्लेख गरेको छ ।

परिच्छेद २ दफा (४) मा जिल्ला विषयगत सहकारी संघ गठनको व्यवस्था छ भने दफा (६) मा प्रदेश विषयगत सहकारी संघ गठनको व्यवस्था छ । दफा (८) मा केन्द्रीय विषयगत सहकारी संघ गठनको प्रावधान छ । जसमा सहकारी ब्यवसायको विकास, प्रवर्द्धन र बजारीकरण लगायतका कार्यमा टेवा पुर्‍याउन दफा १५ बमोजिम दर्ता भएका कम्तीमा सात वटा जिल्लाका ५१ वटा विषयगत सहकारी संस्थाहरु वा विषयगत सहकारी संघहरु मिलि आफ्नो विषयको केन्द्रीय विषयगत सहकारी संघ गठन गर्न सक्नेछन् । तर त्यसरी संघ गठन गर्दा विषयगत जिल्ला सहकारी संघहरु वा विषयगत प्रदेश सहकारी संघहरु प्रत्येकको ५०% बढी संघहरु समाबेश गरिएको हुनु पर्ने व्यवस्था छ ।

ऐनको दफा (२१) मा कारोबार, ब्यवसाय, उद्योग वा परियोजना संचालन गर्न सक्ने प्रावधान छ । उपदफा (१) मा दफा १५ बमोजिम दर्ता प्रमाणपत्र प्राप्त गरेपछि संस्था वा संघले दफा २४ बमोजिम उद्देश्य प्राप्तिका लागि यस ऐनले विनियमको अधीनमा रही आबश्यक कारोवार, व्यवसाय, उद्योग वा परियोजना संचालन गर्न सक्नेछन् ।

## २.३ कृषि विकास रणनीति सन् २०१५ देखि २०३५:

कृषि विकास रणनीतिले दुग्ध क्षेत्रलाई द्रुत गतिमा बढ्दो र शीर्ष पाँच कृषि उत्पादनहरू मध्ये एकको रूपमा सूचीबद्ध गरेको छ । यो क्षेत्रले कृषि उत्पादनमा धान पछि दोस्रो ठूलो वस्तुको रुपमा योगदान गरेको भनिएको छ । चालू १६ औं पञ्चवर्षीय योजनाले दूध उत्पादन, दुग्ध जन्य पदार्थको उत्पादन र बजारीकरणमा मात्र जोड दिएको छैन, यसले दूधको गुणस्तर र निर्यातको सम्भावना सुधार गर्न महत्व दिएको छ ।

## २.४ राष्ट्रिय दुग्ध विकास नीति २०७८:

दुग्ध क्षेत्रमा प्रमाण (आधारित निर्णय प्रक्रियालाई समर्थन गर्न व्यवस्थित तथ्याङ्क सङ्कलन, विश्लेषण र प्रसार सुनिश्चित गर्ने । मूल्य प्रवृत्ति, माग (आपूर्ति, गतिशीलता र आयात (निर्यात तथ्याङ्क सहित दुग्ध बजारको नियमित अनुगमन र विश्लेषण गर्न एक संरचित संयन्त्र स्थापना गर्ने परिकल्पना गरेको छ ।

**सुधारका लागि रणनीतिक मुद्दाहरू:**

- दूध उत्पादनको लागि पशु नश्ल गुणस्तर र आनुवंशिकी सुधार ।
- व्यावसायिक दुग्ध उत्पादनलाई प्रवर्द्धन ।
- दाना र पशु आहारा प्रणालीलाई सुदृढ पार्ने ।
- बजारीकरणका अनौपचारिक क्षेत्रलाई औपचारिक बनाउने ।
- सहकारी बजार प्रणालीलाई सुदृढ पार्ने ।
- कोल्ड चेन र संचयको विकास गर्ने ।
- मूल्य अभिवृद्धि, प्रशोधन उद्योगहरूलाई प्रवर्द्धन गर्ने ।
- दुग्ध उत्पादनहरूको विविधीकरण गर्ने ।
- गुणस्तर मापदण्ड र प्रमाणीकरणमा सुधार गर्ने ।
- संस्थागत सुदृढीकरण र सहकारीहरूको क्षमता विकास निर्माण र नीति कार्यान्वयनलाई सुदृढ बनाउने
- सार्वजनिक निजी सहकारी साझेदारीलाई बढावा दिने ।

## २.५ नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, पशु सेवा विभागले दूध तथा दुग्धजन्य पदार्थको उत्पादन तथा बजारीकरणमा तीव्रतर विकास गरी देशलाई यस क्षेत्रमा आत्मनिर्भर बनाउन निर्धारण गरेका चार स्तम्भहरु निम्नानुसार रहेका छन् :



# परिच्छेद ३ : केन्द्रीय दुग्ध सहकारी संघको रणनीतिक योजनाको औचित्यः

| **संगठन, नीति, पैरवी र समग्र विकास सम्बन्धी विषय** **(Organization, Policy, Lobbying and over all development)** | **व्यापार र बजारसँग सम्बन्धित विषय** **(Market & Business)** | **क्षमता विकाससँग सम्बन्धित विषय** **(Capacity Building)** |
|---|---|---|
| • दुग्ध उत्पादक सहकारी संघ र संस्थाहरूको सशक्तीकरण गर्दै किसानहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपान्तरण गर्ने<br>• दुग्ध क्षेत्रको नीति, प्रविधि र प्रवर्द्धन मार्फत समग्र विकास गर्ने<br>• जिल्ला दुग्ध उत्पादक सहकारी संघलाई सक्रिय र व्यवीसथत बनाउन योजना निर्माण गर्ने<br>• आगामी ५ वर्षको रणनीतिक योजना (Strategic Plan) निर्माण गर्ने<br>• सबै सरोकारवालाहरु (NDDB, DDC, DIA, NDA आदि) लाई समेट्ने नीति तथा योजना बनाउने<br>• दुग्ध क्षेत्रलाई आत्मनिर्भर बनाउने र देश विकासमा योगदान गर्ने<br>• सहकारी व्यवस्थापनलाई प्रभावकारी बनाउने<br>• संस्थामा राजनीतिक प्रभावलाई न्यून गर्ने<br>• सशक्त नेतृत्व विकास गर्ने<br>• डिजिटल सूचना प्रणाली (सूचना प्रवाह) को प्रयोग बढाउने<br>• दीर्घकालीन रणनीतिक योजना बनाउने | • दूध तथा दुग्धजन्य उत्पादनको लागत घटाउने प्रविधि अबलम्बन गर्ने<br>• बजार सुनिश्चितता गर्ने<br>• किसानलाई समयमै उचित मूल्य प्राप्त हुने व्यवस्था गर्ने<br>• गुणस्तरमा आधारित मूल्य निर्धारण नीति तथा कार्यान्वयनमा सहजीकरण<br>• सहकारीबीच स्वस्थ प्रतिस्पर्धा र बजार व्यवस्थापन सुधार गर्ने<br>• व्यवसायिक योजना निर्माण गर्ने<br>• उत्पादन र बजारीकरणमा नयाँ प्रविधि प्रयोग गर्ने<br>• साना किसानलाई प्रोत्साहन गर्ने<br>• दुग्ध व्यवसायलाई लाभदायक बनाउने<br>• उत्पादन वृद्धि र बजार बिस्तार गर्ने<br>• किसानमैत्री योजना निर्माण र कार्यान्वयनमा सहजीकरण | • किसान तथा सहकारी संघ संस्थाको क्षमता विकास गर्ने<br>• योजना निर्माण र कार्यान्वयन गर्ने सीप विकास गर्ने<br>• सहकारी सञ्चालन सम्बन्धी ज्ञान (ऐन, नियम) सुधार गर्ने<br>• नेतृत्व विकास गर्ने<br>• प्रविधिमैत्री ज्ञान सीपको विकास गर्ने<br>• कार्ययोजना बनाउने र लागू गर्ने दक्षता विकास गर्ने<br>• सिकाइबाट व्यावहारिक परिवर्तन ल्याउने<br>• समन्वय (सरकार, सरोकारवाला) गर्ने क्षमता विकास गर्ने |

# परिच्छेद ४: रणनीतिक योजनाको लागि दुग्ध क्षेत्र एवं केन्द्रीय संघको समिक्षा तथा विश्लेषण

## ४.१ नेपालको दुग्ध क्षेत्रको विश्लेषण

### क) दुग्ध क्षेत्रको विश्लेषण (SWOT Analysis)

| शीर्षक | विवरण |
| --- | --- |
| **सबल पक्ष (Strengths)** | १. देशभरि छरिएर रहेका कृषकहरूबाट उत्पादन र संकलनमा सहजता तथा सम्भावना (कच्चा पदार्थको सहज उपलब्धता)<br>२. थोरै लगानीमा व्यवसाय सञ्चालन गर्न सकिने<br>३. रोजगारी सिर्जना हुने<br>४. प्राकृतिक स्रोतहरूको उपयोग र उच्च सम्भावना |
| **कमजोर पक्ष (Weaknesses)** | १. बजारको अभाव<br>२. गुणस्तरीय कच्चापदार्थको अभाव<br>३. भुक्तानी सम्बन्धी समस्या (भुक्तानी वक्यौता)<br>४. ढुवानीमा कठिनाइ<br>५. प्रविधि र दक्ष जनशक्तिको अभाव |
| **अवसर (Opportunities)** | १. रोजगारीका अवसरहरू बृद्धि हुने<br>२. उत्पादित दुग्ध पदार्थहरूको निर्यातको सम्भावना<br>३. सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसँग समन्वय र सहकार्य<br>४. नयाँ-नयाँ प्रविधिको प्रयोग |
| **जोखिम (Threats)** | १. युवा पुस्तालाई पशुपालन व्यवसायमा आकर्षित गर्न नसक्नु<br>२. पशुरोगको प्रकोप तथा महामारी (प्राकृतिक प्रकोप)<br>३. अव्यवस्थित बजार, स्थायी सरकार र नीतिनिर्माणको अभाव |

**ख) दुग्ध क्षेत्रको PESTLE विश्लेषण:**

| शीर्षक | विवरण |
|---|---|
| **राजनीतिक** (Political) | १. दुग्ध क्षेत्रलाई कम प्राथमिकता दिइनु<br>२. राजनीतिक गतिविधिले बजारमा असर पार्नु<br>३. विषयविज्ञलाई नियुक्तिमा प्राथमिकता नदिनु<br>४. प्रोत्साहन कार्यक्रम प्रभावकारी रूपमा लागू नहुनु |
| **आर्थिक** (Economic) | १. परियोजनामा पर्याप्त लगानी नहुनु<br>२. सानो लगानीबाट जीविकोपार्जन सम्भव हुनु<br>३. निर्यातबाट कुल गार्हस्थ उत्पादन (जिडीपी) मा योगदान |
| **सामाजिक** (Social) | १. नेतृत्व तथा व्यक्तित्व विकासमा सहयोग<br>२. गुणस्तरीय दुग्ध पदार्थको पहुँच<br>३. सामाजिक सद्भावमा वृद्धि |
| **प्रविधि** (Technology) | १. सूचना प्रवाहमा सहजता<br>२. कम लागतमा उत्पादन सम्भव<br>३. सेवामा छिटोपन |
| **कानुनी** (Legal) | १. अनावश्यक करहरू<br>२. सहकारी सञ्चालनमा कानुनी जटिलता<br>३. दुग्ध नीति प्रभावकारी रूपमा लागू नहुनु |
| **वातावरणीय** (Environmental) | १. उत्पादनमा असर<br>२. ढुवानी तथा बजारमा असर<br>३. पशुमा रोग संक्रमणको जोखिम |

## ४.२ केन्द्रीय दुग्ध सहकारी संघको विश्लेषण

### क) केन्द्रीय दुग्ध सहकारी संघको विश्लेषण (SWOT Analysis)

| श्रेणी | बुँदाहरु |
|---|---|
| **सबल पक्ष** (Strengths) | १. पशुपालन व्यवसायमा किसानहरुको आकर्षण<br>२. बस्तु तथा सेवाको पहुँचमा सुधार<br>३. ग्रामीण अर्थतन्त्रमा टेवा र रोजगारीको सृजना<br>४. दूधको गुणस्तरमा सुधार<br>५. तालिम तथा शिक्षा एवं महिला सशक्तिकरण<br>६. राज्यका विभिन्न निकायसँग पहुँच र राष्ट्रिय स्तरको परिचय<br>७. सरोकारवालाहरुसँगको समन्वय र सहकार्य<br>८. एक हजार ७ सय भन्दाबढी दुग्ध सहकारी संघ संस्थाको सञ्जाल<br>९. पशुबीमा व्यवस्थापन |
| **सुधार गर्नुपर्ने पक्ष** (Weaknesses) | १. प्रविधि मैत्री हुनु पर्ने<br>२. सुशासनमा सुधार<br>३. दक्ष जनशक्ति र नेतृत्वका लागि क्षमता अभिबृद्धि<br>४. गुणस्तर र आधुनिकीकरण<br>५. उत्पादन तथा प्रशोधन क्षेत्र बिस्तारमा अभाव<br>६. सहकारी संघ संस्थाको क्षमता विकास र सुदृढीकरण<br>७. उन्नत नश्लका पशुहरुको विकास र प्रवर्द्धन<br>८. दूधको मुल्यमा एकरुपता र समय सापेक्ष बृद्धि<br>९. तथ्याङ्क संकलन तथा व्यवस्थापन<br>१०. दूधको उत्पादन लागत न्यूनीकरण<br>११. उत्पादनमा अधारित अनुदान<br>१२. सहकारीमार्फत पशुधन सुरक्षण<br>१३. नियामक निकायहरुको कार्यमा एकरुपता |

| | |
|---|---|
| **अवसर** **(Opportunities)** | १. दूधजन्य पदार्थको बजारको राम्रो सम्भावना<br>२. नेतृत्व विकासको अवसर<br>३. आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन<br>४. रोजगारी श्रृजना र गरिबी न्यूनीकरण<br>५. पशुपालन र दूध व्यवसायप्रति युवा जनशक्तिको आकर्षण<br>६. व्यवसायिक पशुपालनका लागि उपयुक्त वातावरण<br>७. सहयोगी निकाय तथा नेपाल सरकारबाट प्राप्त अनुदान कार्यक्रम<br>८. सहकारी लोगोसहित दुग्धजन्य पदार्थको ब्राण्डिङ्ग<br>९. सरकारी तथा गैरसरकारी निकायसँगको समन्वय र सहकार्य<br>१०. उत्पादन बृद्धि र गुणस्तर<br>११. उद्योग तथा व्यवसाय सञ्चालन<br>१२. दुग्ध क्षेत्रको विकास तथा नवप्रवर्तनका लागि तालिम तथा अनुसन्धान<br>१३. जलवायु अनुकुल पशुपालन अभ्यास बिस्तार |
| **जोखिम** **(Threats)** | १. लागतका आधारमा मूल्य निर्धारण नहुनु<br>२. युवा जनशक्तिलाई पशुपालन र दूध व्यवसायमा आकर्षित गर्न नसक्नु<br>३. पशुपालन क्षेत्रमा जलवायु परिवर्तनको असर<br>४. दुग्धजन्य पदार्थको अवैध आयात<br>५. दूधको गुणस्तर तथा शुद्धतामा कमी<br>६. प्राकृतिक प्रकोप, रोग व्याधी<br>७. खोरेतमुक्त क्षेत्र घोषणा गर्ने नीति तथा कार्यक्रम व्यवस्था<br>८. भौगोलिक विकटताले पहुँचमा समस्या<br>९. जलवायु परिवर्तन |

## ख) केन्द्रीय दुग्ध सहकारी संघका PESTLE विश्लेषण:

| | |
|---|---|
| **राजनीतिक प्रभाव** | १. राजनीतिक अस्थिरता<br>२. स्थिर, स्पष्ट नीति तथा मापदण्डको अभाव<br>३. सहकारी ऐन नियमहरूको पटक पटक संशोधन |
| **आर्थिक पक्ष** | १. आफ्नै नियमित आयस्रोत नहुनु<br>२. वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनमा कमी<br>३. स्रोतको पहिचान, व्यवस्थापन र दिगोपना<br>४. व्यवसाय सञ्चालन<br>५. सरकारसँगको प्रत्येक्ष आर्थिक सहकार्यको कमी |
| **सामाजिक** | १. सामाजिक उत्तरदायित्व वहन गर्नु<br>२. नेतृत्व विकास तथा लैङ्गिक समावेशीकरण<br>३. जीवनस्तरमा सुधार<br>४. प्रत्यक्ष अप्रत्यक्ष रोजगारी सिर्जना<br>५. सामूहिक निर्णय<br>६. सुशासन<br>७. साझेदारी तथा सहकार्यको भावना |
| **प्रविधि** | १. आधुनिक प्रविधिको प्रयोग<br>२. सदस्यलाई प्रविधिमैत्री बनाउनु<br>३. सरल संरचना र प्रक्रियालाई छिटोछरितो बनाउने |
| **कानून** | १. स्पष्ट कानूनी व्यवस्थाको कमी<br>२. सहकारीमार्फत उद्योग सञ्चालनका कानूनी बाधा<br>३. नियामक निकायको बुझाइमा एकरुपता नहुनु<br>४. कानूनसम्मत अनुगमन तथा पृष्ठपोषण |
| **वातावरणीय प्रभाव** | १. जलवायु परिवर्तन<br>२. प्राकृतिक प्रकोप र रोगव्याधी<br>३. मौसम अनुसार दुग्धजन्य पदार्थको उत्पादनमा उतारचढाव |

# परिच्छेद ५ : रणनीतिक योजनाको मुल्य मान्यता, परिकल्पना, ध्येय, लक्ष्य र उद्देश्य :

| **खण्ड** (Section) | **विवरण** (Description) |
|---|---|
| **१. परिकल्पना** (Vision) | आत्मनिर्भर, गुणस्तरीय र प्रतिस्पर्धी दुग्ध सहकारी क्षेत्रको निर्माण |
| **२. ध्येय** (Mission) | सहकारी प्रणालीमार्फत दुग्ध उत्पादक किसानहरूको दिगो तथा उच्च आय वृद्धि गर्दै गुणस्तरीय दूध तथा दुग्धजन्य पदार्थको उत्पादन, प्रशोधन तथा प्रभावकारी बजारीकरण |
| **३. मूल्य मान्यता** (Core Values) | १. **सहकारी एकता र सहकार्यः-** सहकारीहरू बीच समन्वय र साझेदारीलाई प्रवर्द्धन गर्ने ।<br>२. **किसान केन्द्रित नवप्रवर्तन र विकासः-** किसानको आवश्यकता अनुसार नयाँ प्रविधिको विकास र अभ्यासलाई प्रोत्साहन गर्ने ।<br>३. **सूशासनः-** सबै गतिविधि र व्यवस्थापनमा पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व कायम गर्ने ।<br>४. **महिला तथा युवाको सहभागिताः-** महिला र युवालाई सहकारीको निर्णय प्रक्रिया र नेतृत्वमा सक्रिय रूपमा सहभागी गराउने ।<br>५. **जलवायु मैत्री दिगोपन तथा पशु कल्याणः-** जलवायुमैत्री अभ्यास अपनाउँदै पशु स्वास्थ्य र पशुकल्याणलाई प्राथमिकता दिने । |
| **४. लक्ष्य** (GOAL) | • किसानको आम्दानी ३०% ले बृद्धि र सेवा बिस्तार<br>• दूध संकलन ५०% ले बृद्धि र गुणस्तर बिस्तार तथा सुनिश्चित गर्ने<br>• प्रशोधन क्षमता ७५% र मूल्य अभिबृद्धि तथा पशुजन्य उत्पादनको हिस्सा ३५% ले बढाउने<br>• तीन बर्ष भित्र सुशासन र वित्तीय म्यानुएल बनाई सहकारी सुशासन, पारदर्शिता र वित्तीय दिगोपना सुदृढ गर्ने<br>• समावेशीता (सम्भव भएसम्म महिला ३३% र युवाहरू ३०%) र मानव पूँजी विकास प्रवर्द्धन गर्ने<br>• मुख्य ५ दुग्धजन्य पदार्थको बजार पहुँच र ब्रान्ड विकास सुधार गर्नु<br>• डाटा प्रणाली, ट्रेसबिलिटी र बिस्तारित सेवाहरू आधुनिकीकरण गर्ने<br>• सशक्त केन्द्रीय दुग्ध सहकारी संघ<br>• किसानको जीवनस्तर सुधार<br>• दुग्ध आयातमा कमी<br>• प्रतिस्पर्धी र दिगो दुग्ध क्षेत्र<br>• दुग्ध पदार्थहरुको निर्यात बढाउने |

| | |
|---|---|
| **५. आर्थिक श्रोत** | **स्रोतहरू:**<br>• सदस्य शुल्क, सेवा शुल्क, विज्ञापन शुल्क, सरकारी अनुदान<br>• विकास साझेदार, सार्वजनिक-निजी-सहकारी साझेदारी<br>• व्यवसाय सञ्चालन<br>• प्रकाशन तथा वितरण<br>• शिक्षा, तालिम तथा अनुसन्धान |
| **६. उद्देश्य (Objectives)** | उद्देश्य १: उत्पादन तथा उत्पादकत्व बृद्धि तथा लागत न्यूनीकरण<br>उद्देश्य २: संस्थागत क्षमता तथा सुशासन सुदृढीकरण<br>उद्देश्य ३: सहकारी र किसानको क्षमता विकास<br>उद्देश्य ४: दूध गुणस्तर सुधार र मूल्य अभिवृद्धि<br>उद्देश्य ५: बजार विकास र व्यापार प्रवर्द्धन<br>उद्देश्य ६: नीति, पैरवी र साझेदारी विकास<br>उद्देश्य ७: दिगोपन, जलवायु अनुकुलन र पशु कल्याण |

## ६. उद्देश्य अनुसारको रणनीतिहरु:

### उद्देश्य १: उत्पादन तथा उत्पादकत्व बृद्धि तथा लागत न्यूनीकरण

(१) नश्ल सुधार तथा उन्नत नश्लको प्रवर्द्धन

(२) घाँसमा आधारित पशुपालन अभ्यास प्रवर्द्धन

(३) पशु स्वास्थ्य, रोग नियन्त्रण तथा पशु शिविर सञ्चालन

(४) आधुनिक प्रविधि (चिस्यान श्रृङ्खला, डिजिटल प्रणाली) को प्रवर्द्धन

### उद्देश्य २: संस्थागत क्षमता तथा सुशासन सुदृढीकरण

(१) सहकारी सुशासन, पारदर्शिता र वित्तीय दिगोपना सुदृढ गर्ने

(२) डाटा प्रणाली, पहिचान पद्धती (ट्रेसबिलिटी) र बिस्तारित सेवाहरू आधुनिकीकरण गर्ने

(३) विनियम र कार्यविधि अद्यावधिक गर्ने

(४) नेतृत्व तथा सुशासन तालिम सञ्चालन गर्ने

(५) अनुगमन तथा मूल्याङ्कन उपसमिति गठन तथा परिचालन

(६) संघको प्रशासनिक क्षमता अभिवृद्धि तथा कर्मचारी क्षमता अभिवृद्धि

(७) सदस्यता बिस्तार र देशभरका दुग्ध उत्पादक सहकारी संघ संस्थालाई केन्द्रीय संघमा आवद्ध गराउने अभियान

(८) सदस्यता प्रोत्साहन नीति (Benefit Packages) बनाई कार्यान्वयन गर्ने

(९) केन्द्रीय संघमा आवद्ध सहकारीको अनुपातका आधारमा (जस्तैः ५ वटा संस्था बराबर एकजना प्रतिनिधि) जिल्लाबाट छनोट भई प्रतिनिधिको रुपमा केन्द्रीय संघमा आउने व्यवस्थाका लागि पहल गर्ने

(१०) अवलोकन भ्रमण तथा अनुभव आदान प्रदान

**उद्देश्य ३ः सहकारी र किसानको क्षमता विकास**

(१) सहकारी र किसानको क्षमता विकास, डिजिटल व्यवस्थापन प्रणाली र सुशासन प्रवर्द्धन गर्ने

(२) किसानका लागि तालिम तथा प्राविधिक सेवामा जोड दिई दुग्ध क्षेत्रमा महिला र युवा सहभागिता बढाउने

(३) सहुलियतपूर्ण ऋण तथा बीमा सुविधामा बिस्तारमा सहजीकरण गर्ने

(४) किसानको आम्दानी बृद्धि र सेवा बिस्तार (परिवारको औसत दुग्ध व्यवसायबाट आम्दानी ५ वर्षमा +३०%)

(५) समावेशीता (महिला र युवाहरू) र मानव पूँजी विकास प्रवर्द्धन गर्ने

(६) तालिम कार्यक्रम तथा तालिम सामग्री विकास

(७) दुग्ध तालिम तथा अनुसन्धान केन्द्र स्थापना (Dairy Training & Research Institute)

(८) युवा तथा महिला उद्यमशीलता विकास गर्ने

**उद्देश्य ४ः दूध गुणस्तर सुधार र मूल्य अभिवृद्धि**

(१) राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्डहरु जस्तैं ISO/GHP/GMP/HACCP लागू गर्ने र चिस्यान श्रृंखला (Cold Chain Development) विकास गर्ने

(२) दूधको गुणस्तर सुधारका लागि क्षमता विकास, बहस, पैरवी तथा वकालत गर्ने (दूध संकलन केन्द्रमा परीक्षण उपकरण)

(३) दूध गुणस्तर परीक्षण प्रवर्द्धन (फ्याट, SNF, Protein ,TVC आदि)

(४) चिस्यान तथा प्रशोधन केन्द्र स्थापना र सञ्चालनमा सहजीकरण

(५) गुणस्तरमा आधारित मूल्य निर्धारणमा पहल गर्ने

(६) अनुगमन प्रणालीको विकास गर्ने

(७) असल उत्पादन अभ्यासको प्रवर्द्धन गर्ने

(८) खोरेतमुक्त क्षेत्र घोषणाका लागि सरकारलाई आवश्यक सहयोग गर्ने

**उद्देश्य ५ः बजार विकास र व्यापार प्रवर्द्धन**

(१) दुग्धजन्य पदार्थ विविधीकरण (दही, घ्यू, पनीर, आईसक्रिम, चीज, धुलो दूध) का लागि प्रोत्साहन गर्ने

(२) दुग्धजन्य पदार्थको ब्रान्डिङ र प्याकेजिङमार्फत बजारिकरणमा सहजीकरण गर्ने

(३) नयाँ बजारको खोजी तथा निर्यात प्रवर्द्धन गर्ने

(४) मूल्यश्रृंखलामा अधारित उत्पादनको हिस्सा बढाउने

(५) दुग्ध बजार अध्ययन तथा अनलाइन बिक्री प्रणालीको विकास गर्ने

(६) अन्तर सहकारी बजार प्रणाली विकास

(७) सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रबीचको साझेदारी

(८) दुग्ध पदार्थ खपतका नयाँ क्षेत्रहरु पहिचान र बिस्तारः (हवाइ यात्री, सुरक्षा निकाय, सरकारी क्यान्टिन, विद्यार्थी आदि)

(९) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय डेरी प्रदर्शनी तथा सम्मेलनको आयोजना र सहभागिता

(१०) श्रव्यदृश्य सामग्री निर्माण तथा प्रकाशन प्रसारण

## उद्देश्य ६: नीति, पैरवी र साझेदारी विकास

(१) संघीय, प्रदेश र स्थानीय सरकारसँग नीति संवाद एयष्अिथ म्ष्बयिनगभ (एक पालिका एक प्रशोधन केन्द्र)

(२) रणनीतिक तथा व्यवसायीक योजना निर्माण तथा कार्यान्वयन

(३) जिल्ला संघ तथा दुग्ध उत्पादक सहकारी संस्थाको रणनीतिक योजना निर्माणमा सहजीकरण

(४) आवश्यकताका आधारमा बहस, पैरवी तथा वकालत गर्ने

(५) सरकारी निकाय, गैरसरकारी संघ संस्था, विश्वविद्यालय, अनुसन्धान संस्था, निजी क्षेत्रसँग साझेदारी गर्ने

(६) बहुसराकारवाला निकायबीचको छलफल, अन्तरक्रिया तथा समन्वयात्मक बैठक

## उद्देश्य ७: दिगोपन, जलवायु अनुकुलन र पशु कल्याण

(१) दिगो पशुपालन व्यवसायका लागि प्रोत्साहन

(२) जलवायु-अनुकूल (जलवायु मैत्री) पशुपालन अभ्यासलाई प्रवर्द्धन गर्ने

(३) प्राकृतिक प्रकोप तथा महामारीबाट हुने क्षति न्यूनीकरणका कार्यहरु गर्ने

(४) सहकारीमार्फत पशुधन सुरक्षण (बीमा) कार्यमा सहजीकरण गर्ने

(५) मलमुत्र व्यवस्थापन र बायोग्यास उत्पादनमा प्रवर्द्धन गर्ने

(६) पालिकास्तरमा महामारी प्रतिकार्य योजना निर्माण तथा कार्यान्वयनमा सहजीकरण

(७) पशु कल्याणको नीति निर्माण तथा कार्यान्वयनका लागि बहस, पैरवी गर्ने

## ७. रणनीतिक योजनाको संक्षिप्त लजिकल फ्रेमवर्क

**Logical Framework Matrix**

| **Goal (दीर्घकालीन लक्ष्य)** | **Indicators (सूचक)** | **Means of Verificaion (प्रमाण तथा स्रोत)** | **Assumptions (पूर्वधारणा)** |
|---|---|---|---|
| **(प्रमाण तथा स्रोत)**<br>**Assumptions (पूर्वधारणा)**<br>**परियोजनाको उद्देश्य**<br>(१) दूध उत्पादन वृद्धि, लागत न्यूनीकरण, गुणस्तर सुधार र मूल्य अभिवृद्धि दिगोपन<br>(२) पशु स्वास्थ्य, कृत्रिम गर्भाधान (AI), पशु आहारा र वित्तीय पहुँचजस्ता किसान सेवा बिस्तार गर्ने<br>(३) गुणस्तरीय दूध र मूल्यश्रृङ्खलाद्वारा दूध खरिद मूल्य सुधार गर्ने<br>**Outputs (नतिजा)**<br>• वित्तीय निर्देशिका तयार र कार्यान्वयन<br>• समावेशी महिला सहभागिता ३३%, युवा २०%<br>• बजार पहुँच बिस्तार<br>• नमुना रणनीतिक तथा व्यवसायिक योजना उपलब्ध गराउने<br>**Activities (क्रियाकलाप)**<br>• उन्नत दूधालु गाई भैंसी खरीद तथा वितरण कार्यक्रम<br>• Door-to-door पशु सेवा कार्यक्रम<br>• लागत न्यूनीकरणका लागि नमुना परियोजना (पाइलट कार्यक्रम)<br>• महामारी नियन्त्रण अभियान<br>• ब्रान्ड विकास (Dairy Coop) आदि<br>• तालिम तथा अनुसन्धान कार्यक्रम | • किसानको सदस्य परिवारको औसत शुद्ध दुग्ध व्यवसाय आम्दानी ५ वर्षमा +३०%<br>• सदस्य परिवारमध्ये ≥ ६०% ले वार्षिक रूपमा कम्तिमा २ सेवा/एक्सटेन्सन सेवा प्राप्त गरेको हुने<br>• दूध उत्पादनमा वृद्धि (१०%)<br>• उत्पादन लागतमा कमी (२०%)<br>• गुणस्तर मापदण्ड पूरा भएको संख्या (३०%)<br>• प्रति गाई–भैंसी दूध उत्पादन (१० लिटर–दिन)<br>• उन्नत जातका पशुको संख्या (५०%)<br>• कृत्रिम गर्भाधान सेवाबाट लाभान्वित किसान संख्या (३००,०००) | • वार्षिक प्रतिवेदन<br>• किसान सर्वेक्षण<br>• बजार तथ्याङ्क<br>• सहकारी अभिलेख<br>• प्रयोगशाला परीक्षण<br>• सदस्य अभिलेख<br>• बजार रिपोर्ट | • बजार स्थिर रहन्छ<br>• जलवायु जोखिम न्यून हुन्छ<br>• प्राविधिक सेवा उपलब्ध हुन्छ<br>• किसानको सहभागिता रहन्छ |

| | | | |
|---|---|---|---|
| **लक्ष्य (२) : दूध संकलन र गुणस्तर बिस्तार तथा सुनिश्चित गर्ने**<br><br>**परियोजनाको उद्देश्य :**<br><br>(१) संगठित दूध संकलन केन्द्र र शीतश्रृंखला कवरेज बिस्तार गर्ने<br><br>(२) सहकारीहरूमा एकरूप गुणस्तर परीक्षण र प्रोत्साहन प्रणाली कार्यान्वयन गर्ने<br><br>**Outputs (नतिजा)**<br><br>(क) थप दुग्ध सहकारी गठन हुने<br><br>(ख) दुग्ध सहकारीमा सदस्यहरुको संख्या बृद्धि हुने<br><br>(ग) दूधको गुणस्तर बृद्धि हुने<br><br>**Activities (क्रियाकलाप)**<br><br>(क) दुग्ध सहकारी गठन<br><br>(ख) चिलिङ भ्याट स्थापना<br><br>(ग) दूध गुणस्तर मापन प्रयोगशाला स्थापना हुने<br><br>(घ) असल पशुपालन अभ्यास लागु गर्ने | (१) दूध संकलन मात्रा (लिटर/दिन) २०३१ सम्म + ५०% ।<br><br>(२) खरिद नेटवर्कको ५०% मा शीतश्रृंखला (कूलिङ सुविधा) उपलब्ध हुने ।<br><br>(३) राष्ट्रिय गुणस्तर/असल पशुपालन अभ्यास मापदण्डमा पालन गर्ने दूध ≥५०% ।<br><br>(४) गुणस्तर परीक्षण गरिएको दूधको प्रतिशत (३० % )<br><br>(५) ISO /GHP /GMP/ HACCP मापदण्ड अपनाउने डेरी संख्या (२० %)<br><br>(६) दूषित–फिर्ता गरिएको दूधको दर (१०%)<br><br>(७) चिस्यान श्रृङ्खला (Cold Chain) कभरेज (६०%) | • सहकारीबाट प्राप्त प्रतिवेदन<br><br>• दूध संकलन केन्द्रबाट प्राप्त रिपोर्ट<br><br>• कूलिङ सुविधाको संख्या<br><br>• प्रयोगशाला प्रतिवेदन | • किसानको सहभागिता (महिला तथा युवा)<br><br>• दूधको स्थिर बजार<br><br>• किसानको बिक्री दूधको भुक्तानी ब्यवस्थापन |
| **लक्ष्य (३) प्रशोधन क्षमता र मूल्य श्रृङ्खलामा आधारित उत्पादनको हिस्सा बढाउने**<br><br>**परियोजनाको उद्देश्य :**<br><br>१) विकेन्द्रित प्रशोधन र उच्च नाफामुलक उत्पादन (दही, चीज, पाउडर दूध,लघ्यू/माखन, वेइ, चकलेट) मा लगानी गर्ने ।<br><br>(२) निजी र संस्थागत बजार (स्कुल, अस्पताल, होटल, प्रहरी, सैनिक, कर्मचारी क्यान्टीन) तथा क्षेत्रीय निर्यात बजार विकास गर्ने । | (१) प्रशोधन क्षमता उपयोग दर ≥७५%<br><br>(२) कुल कारोबारमा मूल्यअभिबृद्धि पशुजन्य उत्पादनको हिस्सा ≥३५% | • दुग्ध सहकारी बाट प्राप्त प्रतिवेदन<br><br>• दूध प्रशोधन केन्द्रबाट प्राप्त रिपोर्ट | • मुल्य श्रृंखला मा अधारित दुग्ध पदार्थ उत्पादन गर्न दूधको आपुर्तिमा समस्या |

| | | | |
|---|---|---|---|
| **Outputs (नतिजा)**<br>(क) दुग्ध सहकारीबाट सञ्चालन हुने प्रशोधन केन्द्रहरुको संख्या बृद्धि हुने<br>(ख) दुग्ध सहकारीहरुको प्रशोधन क्षमता ७५% ले बृद्धि हुने<br>(ग) नाफामुलक दुग्ध पदार्थ **जस्तै:** दही, चीज, पाउडर दूध,घ्यू/माखन, वेइ, चकलेट) उत्पादन र विक्री वितरण बृद्धि हुने<br>(घ) दूध तथा दुग्ध पदार्थको विक्री स्कूल कलेज, आर्मी, कर्मचारी क्यान्टीनहरुमा बृद्धि हुने<br>(ङ) आन्तरिक बजारमा दूधको आपुर्ति भई गुणस्तर सुधार हुँदा केही दुग्ध पदार्थ निर्यात हुने<br>**Activities (क्रियाकलाप)**<br>(क) नयाँ प्रशोधन केन्द्रहरु स्थापना गर्ने<br>(ख) पुराना दुग्ध प्रशोधन केन्द्रलाई मर्मत सम्भार गरी सञ्चालनमा ल्याउने<br>(ग) उच्च नाफामुलक दूध तथा दुग्धजन्य पदार्थको उत्पादन बृद्धि गर्ने<br>(घ) दूध तथा दुग्धजन्य पदार्थको उपभोग बृद्धि गर्न जनचेतना तथा अभिमुखिकरण कार्यक्रम<br>(ङ) दूध तथा दुग्धजन्य पदार्थको उत्पादन र मुल्य श्रृङ्खला अभिबृद्धि गरी नाफामुलक दुग्ध व्यबसाय सञ्चालन गर्ने | (३) मूल्य अभिबृद्धि, पशुजन्य उत्पादनबाट वार्षिक आम्दानी वृद्धि १५% | • प्रशोधन केन्द्रको संख्यामा बृद्धि<br>• दुग्ध ब्यवसाय ब्राण्डिङ रिपोर्ट | • उच्च नाफा मुलक दुग्ध जन्य पदार्थको बजार पाउन कठिन<br>• स्वदेशी उत्पादन उपभोगको लागि पैरवी हुन नसक्नु |

| | | | |
|---|---|---|---|
| **लक्ष्य ४: सहकारी सुशासन, पारदर्शिता र वित्तीय दिगोपना सुदृढ गर्ने**<br><br>**परियोजनाको उद्देश्यः**<br>(१) सदस्य सहकारीहरूमा सुशासन अभ्यास, लेखा परीक्षण र वित्तीय नियन्त्रण मानकीकरण गर्ने<br>(२) कच्चा दूध मार्जिनमा निर्भरता घटाउन आम्दानी स्रोत विविधीकरण गर्ने<br><br>**Outputs (नतिजा)**<br>(क) सहकारी संघ संस्थामा सुशासन पालना भई व्यवसाय र व्यापारमा बृद्धि हुने<br>(ख) सहकारीहरुमा वित्तीय प्रणालीमा सुधार आउनुको साथै सार्वजनिकीकरण गर्न सके पारदर्शिता कायम हुने<br>(ग) सहकारीलाई कच्चा दूधमा हुने निरर्भता घटने<br>(घ) दूध जन्य पदार्थको विविधीकरण हुने<br><br>**Activities (क्रियाकलाप)**<br>(क) सहकारीमा सुशासन मापदण्ड लागु गर्ने<br>(ख) सहकारीको वित्तिय नियन्त्रण र लेखा परीक्षण नियमित गर्ने व्यबस्था गर्ने<br>(ग) सहकारी सञ्चालनमा पारदर्शिता ल्याई सार्बजनिकीकरण गर्ने अभ्यास<br>(घ) सहकारीलाई दूधमा कट्टा गर्ने मार्जिन घटाउने<br>(ङ) दूधको विविधीकरण गर्न तालिम सञ्चालन गर्ने | (१) सबै सदस्य सहकारीले ३ वर्षभित्र मानक सुशासन र वित्त म्यानुअल अपनाउने<br><br>(२) केन्द्रीय संघको सञ्चालन मुनाफा ३ वर्षभित्र सकारात्मक र त्यसपछि निरन्तर कायम<br><br>(३) वार्षिक बाह्य लेखापरीक्षण र सार्वजनिक रिपोर्टिङ १००% पालना | • दुग्ध सहकारी बाट प्राप्त प्रतिवेदन<br>• केन्द्रीय संघबाट गर्ने अनुगमन रिपोर्ट<br>• सुशासन अडीट प्रतिवेदन<br>• लेखा परीक्षण प्रतिवेदन | • सहकारीहरुले वितीय तथा सुशासन मापदण्ड पुरा गर्न हिच्किचाउने ।<br>• केन्द्रीय संघबाट गरिने अनुगमन कडाई नहुने<br>• लेखा परीक्षण नगराउने प्रबृति |

| | | | |
|---|---|---|---|
| **लक्ष्य ५: समावेशीता (महिला र युवाहरू) र मानव पूँजी विकास प्रवर्द्धन गर्ने**<br><br>**परियोजनाका उद्देश्यहरू:**<br>(१) सहकारीहरूमा महिला र युवाको सहभागिता तथा नेतृत्व वृद्धि गर्ने<br>(२) सहकारी व्यवस्थापन, उद्यमशीलता र प्राविधिक डेरी सीपमा लक्षित तालिम कार्यक्रम सञ्चालन गर्ने<br><br>**Outputs (नतिजा)**<br>(क) सहकारीमा महिला तथा युवा सहभागिता तोकिएको लक्ष्य अनुसार बृद्धि हुने<br>(ख) सहकारीको महिला तथा युवामा नेतृत्व विकास हुने<br>(ग) सहकारीका सदस्यहरुमा उद्यमशीलता बृद्धि हुने<br><br>**Activities (क्रियाकलाप)**<br>(क) नयाँ गठन हुने सहकारी संघ संस्थामा महिला सदस्यहरुको संख्या तोकिए बमोजिम बनाउने<br>(ख) सहकारीमा युवालाई आकर्षित गर्न युवा उद्मशीलता कार्यक्रम लागु गर्ने<br>(ग) सहकारीमा संलग्न महिला तथा युवा सदस्यहरुलाई नेतृत्व विकासका कार्यक्रम सञ्चालन गर्ने | (१) नेतृत्व भूमिकामा महिलाको प्रतिनिधित्व ≥३३%<br>(२) युवाहरु (उमेर १८-३५) सदस्यता कुलको २०% सम्म वृद्धि<br>(३) ≥८०% सहकारीले कम्तिमा एक प्रशिक्षित महिला एक्सटेन्सन (प्रसार) कार्यकर्ता वा किसान नेतृत्व रिपोर्ट गरेको<br>(४) सहकारीमा आबद्ध किसानको संख्यामा (३०% ) वृद्धि<br>(५) किसानको औसत आयमा वृद्धि (३०%)<br>(६) तालिम प्राप्त किसान संख्या(६० % )<br>(७) महिला तथा युवाहरुको सहभागिता (२५%) | • सहकारीबाट प्राप्त प्रतिवेदनमा महिला तथा युवा सहभागिताको संख्या<br>• सहकारी तालिम सञ्चालन गर्दा महिला तथा युवाको सहभागिता प्रतिशत<br>• सहकारीको वार्षिक प्रतिवेदन | • सहकारीमा सहभागिताको लागि प्रोत्साहन नहुनु<br>• उद्यमशीलता तथा नाफा मुलक नहुँदा युवा तथा महिला आकृष्ट नहुनु |

| | | | |
|---|---|---|---|
| **लक्ष्य : ६ बजार पहुँच र ब्रान्ड विकास सुधार गर्नु**<br><br>**परियोजनाको उद्देश्यः**<br><br>(१) गुणस्तर र पहिचान पद्धती (ट्रेसाबिलिटी) का लागि राष्ट्रिय CDCAN ब्रान्ड बनाउने, प्याकेजिङ् र मार्केटिङ मापदण्ड निर्माण गर्ने<br><br>(२) खुद्रा विक्रेता, संस्थागत खरिदकर्ता र डिजिटल च्यानलहरूसँग बजारसम्बन्ध मजबुत बनाउने<br><br>**Outputs (नतिजा)**<br><br>(क) दूधको गुणस्तर सुधार हुनु र ट्रेसेबिलीटीका आधार तयार हुने<br><br>(ख) केन्द्रीय संघले सहकारी ब्रान्डको विकास गर्ने<br><br>(ग) सहकारी ब्रान्डका दुग्धजन्य पदार्थको बजारीकरण हुने र डजिीटल बजारीकरण गर्ने | (१) मुख्य शहरका लक्षित उपभोक्तामा ब्रान्ड सर्वेक्षणमा ≥५०% जागरूकता<br><br>(२) २०३१ सम्म कम्तीमा १० संस्थागत सम्झौता (स्कुल/अस्पताल /खुद्रा चेन) सुनिश्चित ।<br><br>(३) प्रशोधित उत्पादन बिक्रीमा डिजिटल च्यानलको हिस्सा ≥१०<br><br>(४) कुल बिक्री (वार्षिक आम्दानी) वृद्धि (३०%)<br><br>(५) नयाँ बजार–क्षेत्र बिस्तार संख्या(२०%)<br><br>(६) ब्रान्डेड उत्पादनको बिक्री प्रतिशत (१०%)<br><br>(७) निर्यात भएको दुग्धजन्य पदार्थको मात्रा (१०%) | • दुग्ध सहकारीबाट प्राप्त प्रतिवेदन<br><br>• केन्द्रीय संघको प्रगति प्रतिवेदन सार्वजानिकीकरण<br><br>• ब्राण्डको बिक्रि तथा उपभोक्ता सर्वेक्षण<br><br>• डिजिटल बजारको प्रतिवेदन | • सहकारी ब्राण्डले प्रतस्पर्धा गर्न नसक्ने<br><br>• गुणस्तर र ट्रेसेबेलिटीमा समस्या |

| | | | |
|---|---|---|---|
| **लक्ष्य ७ : दिगोपना र वातावरणीय तथा जलवायुलाई अनुकूल बनाउने**<br><br>**परियोजनाको उद्देश्यः**<br><br>(१) जलवायुमैत्री (स्मार्ट) डेरी अभ्यास (घाँसमा आधारित पोषिलो आहारा व्यवस्थापन, मल व्यवस्थापन, शुद्धजल प्रयोग) प्रवर्द्धन गर्ने<br><br>(२) प्रशोधन र ढुवानीमा उत्सर्जन र फोहोर घटाउने उपाय लागु गर्ने<br><br>**Outputs (नतिजा)**<br><br>(क) जलवायु अनुकूलन पशुपालन अभ्यास लागु हुने<br><br>(ख) पशु आहाराको लगानीमा न्युनीकरण हुँदा दूध उत्पादन लागत कम हुने<br><br>(ग) पशुपालनमा वातावरणीय सुधार हुने<br><br>(घ) दूध ढुवानी तथा प्रशोधनमा हुने प्रदुषण घट्ने<br><br>**Activities (क्रियाकलाप)**<br><br>(क) जलवायु अनुकूलन पशुपालन पद्धती लागु गर्ने<br><br>(ख) दूधको गुणस्तर सुधारका लागि शुद्ध र स्वच्छ दूध उत्पादन तथा प्रशोधन प्रविधि अपनाउन प्रोत्साहन गर्ने<br><br>(ग) जलवायु स्मार्ट (मैत्री) डेरी उत्पादनको लागि तालीम आयोजना गर्ने<br><br>(घ) डेरी व्यवसायमा दिगोपन ल्याउन पैरवी तथा प्रोत्साहन गर्ने | (१) सदस्य फार्ममध्ये ५०% ले जलवायु-स्मार्ट अभ्यास अपनाएको ।<br><br>(२) प्रति लिटर प्रशोधितमा ऊर्जा–पानी उपयोग २०% घटाउने (बेसलाइनको तुलनामा)<br><br>(३) प्रशोधन स्थलहरूको १५% मा सौर्य उर्जा (कूलिङ–प्रशोधन) पाइलट कार्यान्वयन | • दुग्ध सहकारी बाट प्राप्त प्रतिवेदन<br><br>• केन्द्रीय संघबाट गर्ने अनुगमन रिपोर्ट<br><br>• जलवायु अनुकूलन पशुपालन अभ्यासको अनुगमन रिपोर्ट<br><br>• पाइलट प्रोजेक्टको प्रगति प्रतिवेदन | • किसानले जलबायु अनुकूलन पशु पालन अभ्यास पालना नगर्नु |

| | | | |
|---|---|---|---|
